कोहलपुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**शिक्षा युवा तथा खेलकुद शाखा**

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

मिति : २०७८/३/२८

पत्र संख्या : ०७७/०७८
च. नं. ९८८

विषय: बालविकास सामग्रीको व्यवस्था सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु
कोहलपुर, बाँके ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट जारी हुने वार्षिक कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बालविकास कक्षाका लागि अनुदान प्रति विद्यार्थी वार्षिक रु ५००/- त्यस विद्यालयमा हरेक वर्ष निकास हुने गरेको अवगतै होला । उक्त निर्देशिका (क्रियाकलाप नं.२.३) मा "विद्यालयलाई प्राप्त अनुदान रकमबाट विद्यालय/ बालविकास केन्द्रले प्रारम्भिक बालविकास शिक्षाका लागि मात्र खर्च गर्ने गरी बालशिक्षा सहजकर्ताको राय सुझाव लिई प्रारम्भिक बाल शिक्षाको राष्ट्रिय मापदण्डमा उल्लेख भएका सिकाइ सामग्रीहरु जस्तै: ब्लक, पुतली, नरम खेलौना, नरम बल, रिङ, पजल, आदि खरीद गर्ने र ... बालविकास केन्द्रले यस्ता सामग्री प्रत्येक वर्ष थप्दै जाने" प्रावधान रहेको छ । उक्त व्यवस्था हुँदाहुँदै पनि अनुगमनका क्रममा कतिपय विद्यालयहरुमा त्यस्तो निर्देशनको पालना नगरेको पाइएको र बालविकास शिक्षकहरुबाट समेत बालविकास कक्षामा उक्त व्यवस्था अनुसारका सामग्री उपलब्ध नभएको गुनासो आएको हुँदा यथाशिघ्र निर्देशिकाले गरेको व्यवस्था कार्यान्वयन गरी बालविकास कक्षाहरुलाई शैक्षिक सामग्रीयुक्त बनाउनुहुन र बालबालिकाको बसाइ सुविधाको स्तरोन्नति गर्नुहुन हुन आदेशानुसार अनुरोध छ । साथै क्रियाकलाप नं.२.३ बमोजिमका कार्यहरु गरी आ.व. २०७७/७८ मा सामग्रीहरुको आदेश र जिन्सी दाखिला प्रतिवेदन मिति २०७८/०४/१५ सम्ममा यस शाखामा प्राप्त हुनेगरी पठाउनु हुन समेत आदेशानुसार जानकारी गराइन्छ ।

...........
(शीला गौतम)
शिक्षा अधिकृत

शिक्षा अधिकृत
छैटौं तह

बोधार्थ
१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, बाँके ।
२. श्री कोहलपुर नगरपालिका नगर उपप्रमुखको सचिवालय, कोहलपुर, बाँके ।